नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय रामेछाप

## भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिने सम्बन्धी सूचना

मिति :२०७७।११।०३

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागू गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३क. र २३ख. बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पूरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७।११।०३ देखि २०७७।१२।०२ सम्म https://public.dolma.gov.np मार्फत् अनलाइन निवेदन पेश गरी सो संग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसील अनुसार हुनेछ ।**

| व्यक्तिको हकमा | रजिष्ट्रर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी गर्न प्रमाण पत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक, १८ वर्ष उमेर पूरा भएको,<br>ख.कम्प्यूटर विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको,<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको, | क) प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई अठार वर्ष उमेर पूरा भएको,<br>ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा ६ | सेवा केन्द्र सञ्चालनको लागि जनशक्ति र पूर्वाधार भएको । | क. कानून व्यवसायी वा लेखापढी व्यवसायको प्रमाण-पत्र भएको,<br>ख. नेपाली नागरिक,<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. करचुक्ताको प्रमाण-पत्र भएको,<br>ङ. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको,<br>ख. आफ्नो नाममा भएका जग्गाको कित्ता विवरणहरु भू-सूचना प्रणालीमा अद्यावधिक भएको, तर सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले यस कार्यालयमा आई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

| | | | | |
|---|---|---|---|---|
| ङ. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | महिनाको तालिम प्राप्त गरेको,<br>घ. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,<br>ङ. करचुक्ताको प्रमाणपत्र,<br>च. भू-सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | | |

**भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार:**

- कम्प्यूटर
- प्रिन्टर
- ब्याकअप सिस्टम,
- स्क्यानर,
- भू-सूचना प्रणाली संग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस (Camera, Finger Print Device) र
- Internet Connectivity कम्तीमा 2/2 Mbps Dedicated Line भएको

**अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था**

१. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैंया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैंयाँ दस्तुर बुझाउनु पर्नेछ ।

२. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नवीकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत: निस्कृय हुनेछ

**१. भू-सेवा केन्द्र सम्बन्धी अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ:**
क) व्यक्तिको हकमा तीन हजार रुपैंया
ख) संस्थाको हकमा पाँच हजार रुपैंया
उक्त दस्तुर कार्यालयको खाता न.. १४२२९ राजश्व शीर्षक न. ३३६०१२४०१ राष्ट्रिय वाणिज्य बैक मन्थलीको खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

**२. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन** चाहने व्यक्ति वा संस्थाले १६८०१००१०२०३०००० कोष तथा लेखा नियन्त्रक कार्यालय रामेछापको खातामा धरौटी वापत देहाय बमोजिम नगद रकम जम्मा गर्नुपर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कूल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
क) व्यक्तिको हकमा पचास हजार रुपैयाँ
ख) संस्थाको हकमा दुई लाख रुपैयाँ

**३. स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।**

४. भू -सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्त सम्म हुनेछ ।

५. वैक तथा वित्तीय संस्था, सहकारी , कर्मचारी संचयकोष, नागरिक लगानी कोष जस्ता संस्थाहरुले धितो वन्धक , रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकता अनुसार आ-आफना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछ ।

६. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

लीलानाथ दाहाल
(प्रमुख मालपोत अधिकृत)